# योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७५

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १

बिराटनगर, नेपाल

## योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७५

**प्रस्तावनाः** प्रदेश नं. १ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको अधिकार क्षेत्र भित्रका कार्यक्रमहरू संचालन गर्नका लागि प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ (१) को अधिकार प्रयोग गरी प्रदेश सरकारले यो योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७५ स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७५,**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आयोजना" भन्नाले वार्षिक रुपमा संचालन हुने चालू वा पुँजीगत खर्च गरी विभिन्न कार्यक्रम तथा योजना संचालन गर्ने निकाय सम्झनु पर्छ ।

(ख) " कार्यक्रम कार्यान्वयन इकाई" भन्नाले मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयले प्रदेश भित्र स्थापना गरेको कार्यक्रम कार्यान्वयन इकाई सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश नं. १ प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(घ) "लाभग्राही" भन्नाले कार्यक्रम मार्फत प्रत्यक्ष वा परोक्षरुपमा लाभ प्राप्त गर्ने समुदायलाई सम्झनुपर्छ ।

(ङ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठित गाँउपालिका, नगरपालिका र जिल्ला समन्वय समिति समेतलाई सम्झनुपर्छ ।

(च) "सरोकारवाला" भन्नाले आयोजना कार्यान्वयनसंग प्रत्यक्ष सम्बन्धित व्यक्ति, पदाधिकारी वा संघ संस्था समेतलाई सम्झनुपर्छ ।

(छ) "सामाजिक विकास संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेका गैरसरकारी संस्था सम्झनु पर्दछ ।

(ज) "प्रस्तावना" भन्नाले प्रदेश सरकार, प्रदेश नं. १ बाट स्वीकृत भएको पर्यटन विकास आयोजना निर्माण सम्बन्धी प्रस्तावना र जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई निर्माण सम्बन्धी प्रस्तावना सम्झनु पर्दछ ।

३. **कार्यविधिको उद्देश्यः** (१) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालय अन्तरगत आयोजना/ कार्यक्रम कार्यान्वयन ईकाइ स्थापना गरी कार्यक्षेत्र निर्धारण गर्ने र योजना तथा कार्यक्रम संचालन गर्ने,

प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

प्रदेश सचिव

(ख) मन्त्रालयको स्वीकृत कार्यक्रम र बजेट कार्यान्वयन गर्न मार्ग प्रशस्त गर्ने,

(ग) कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालय देखि स्थानीय तहसम्म गठन हुने संयन्त्र/ समितिहरुको काम कारवाहीमा सहजता र सरलता ल्याउन सहयोग गर्ने,

(घ) सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,

(ङ) आयोजना कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन, वित्तीय व्यवस्थापनमा मार्गनिर्देश गर्ने,

(च) योजना तथा कार्यक्रमको लागत अनुमान तयार गर्ने, मालसामान खरीद गर्ने, सम्झौता गरी कार्यान्वयन र फरफारक गर्ने ।

४. <u>कार्यविधिको क्षेत्राधिकार</u> : यो कार्यविधिको क्षेत्राधिकार देहाय बमोजिम हुनेछ ।

(क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसंग सम्बन्धित योजना तथा कार्यक्रम वा मातहतका महाशाखा, निर्देशनालय, अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कार्यालय, आयोजना, कार्यक्रम कार्यान्वयन इकाई, समितिबाट संचालन गरिने योजना तथा कार्यक्रम ।

## परिच्छेद - २

## आयोजना र कार्यक्रम कार्यान्वयन इकाई व्यवस्थापन

५. <u>आयोजना र कार्यक्रम कार्यान्वयन इकाईको संरचनाः</u> (१) मन्त्रालयले कामको प्रकृति, समेट्नुपर्ने कार्यक्षेत्र र लाभग्राहीको संख्यालाई मध्यनजर गरी आयोजना र कार्यान्वयन इकाइको संरचना वा ढाँचाको विकास गर्नेछ ।

(२) संरचना तयार गर्दा संचालन खर्च आयोजनाको कूल बजेटको तीन प्रतिशत भन्दा बढी नहुने गरी तयार गर्नुपर्नेछ ।

(३) आयोजना तथा कार्यक्रम एक वर्षे हुनेछ तर प्रदेश सरकारको निर्णय बमोजिम त्यस्तो आयोजना अर्को आर्थिक वर्षका लागि क्रमागत हुन सक्नेछ ।

## परिच्छेद - ३

## संस्थागत व्यवस्था

६. <u>निर्देशक समितिः</u> (१) मन्त्रालयबाट सञ्चालन हुने समग्र आयोजना कार्यान्वयनको लागि आवश्यक नीति तर्जुमा, समन्वय एवं प्रभावकारीताको लागि मार्गदर्शन गर्न देहायका सदस्य रहेको निर्देशक समिति रहनेछ र त्यस्तो समितिले प्रदेश मन्त्रीको सामान्य निर्देशनमा रही यस कार्यविधि बमोजिम कार्य गर्नेछ ।

(क) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -संयोजक

(ख) मन्त्रालय अन्तरगतका निर्देशकहरु -सदस्य

(ग) मन्त्रालयले तोकेको उपसचिव -सदस्य सचिव